कुश्मा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत .

गण्डकी प्रदेश, नेपाल

कुश्मा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मा, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

पत्र संख्या: २०८१/०८२
चलानी नः

## सेवा करारमा कर्मचारी लिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८१/०९/०३)

कुश्मा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरुमा रिक्त रहेको तपसिल बमोजिमका पदहरुमा करार सेवाको माध्यमबाट कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले देहायबमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिदसहित तोकिएबमोजिमको ढाँचामा दरखास्त फाराम भरी कुश्मा नगरपालिकाको प्रशासन शाखामा बुझाउनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.स | विज्ञापन नं | पद/तह | सेवा/ समूह | माग पद संख्या |
|---|---|---|---|---|
| १ | ०४-०८१/८२ | मेडिकल अधिकृत / आठौं तह | स्वास्थ्य /ज.हे.स. | १ (एक) |
| २ | ०५-०८१/८२ | अ.न.मी./सहायक चौथो | स्वास्थ्य / प.हे.न | ४ (चार) |
| ३ | ०६-०८१/८२ | अ.हे.व./ सहायक चौथो | स्वास्थ्य /हे.इ | २ (दुई) |
| ४ | ०७-०८१/८२ | ल्याव असिष्टेन्ट/ सहायक चौथो | स्वास्थ्य/ मे.ल्या.टे. | १ (एक) |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता:

क) मेडिकल अधिकृतको पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरह उपाधि प्राप्त गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको हुनपर्नेछ ।

ख) अ.न.मी पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण गरि नेपाल नर्सिङ्ग काउन्सीलमा दर्ता भएको हुनुपर्नेछ ।

ग) अ.हे.व पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. वा सि.एम.ए कोर्ष उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनुपर्नेछ ।

घ) ल्याव असिष्टेन्ट पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी उत्तीर्ण गरी ल्याव असिष्टेन्ट कोर्ष गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनुपर्नेछ ।

ङ) प्रचलित कानून अनुसार अयोग्य नभएको ।

कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत .
गण्डकी प्रदेश, नेपाल

२. दरखास्त दस्तुरः
वि.नं ०४-०८१/०८२ पदको लागि लागि रु १२००।- (एक हजार दुई सय ) र बाँकी अन्य वि.नं.को पदको लागि लागि रु ५००।-(पाँच सय रुपैया )

३. दरखास्त दिने अन्तिम मितिः मिति २०८१/९/१७ गते सम्म (यदि आवेदन दिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट समेत दरखास्त फाराम बुझाउन सकिनेछ )

४. परीक्षाको किसिमः प्रारम्भिक सूचीकरण र अन्तर्वार्ता ( कुश्मा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा ४ मा भएको व्यवस्थाबमोजिम प्रारम्भिक सुचीकरणमा परेका उम्मेदवारलाई मात्र अन्तर्वार्ता समावेश गराइनेछ ।)

५. उम्मेदवारको उमेर हदः दरखास्त दिने अन्तिम मिति सम्ममा मेडिकल अधिकृत आठौं तहको लागि २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र अन्य पदको लागि लागि १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

६. तलब स्केलः वि.नं.०४-०८१/८२ देखि वि.नं. ०६-०८१/०८२ को पदको लागि नेपाल सरकारले तोकेको स्केल बमोजिम र वि.नं. ०७-०८१/०८२ को लागि कुश्मा नगरपालिकाको उक्त पदले पाउने सेवा सुविधा अनुसार हुनेछ ।

७. कार्यविवरणः करार शर्तमा उल्लेख भएबमोजिम हुनेछ ।

८. अन्तरवार्ता हुने मितिः प्रारम्भिक सुचीकरणको नतिजा प्रकाशन गर्दा सूचना गरिनेछ ।

९. पेश गर्नुपर्ने कागजातहरुः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी , शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित काउन्सीलमा दर्ता/ नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ,कार्य अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपी तथा अन्य कागजातहरु उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्ने छ ।

१०.अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

११. दरखास्त फाराम र कार्यविधिः कार्यालयको website www.kushmamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ साथै थप जानकारीका लागि कार्यालयको फोन नं ०६७-४२०१४१ मा सम्पर्क गर्न सकिनेछ ।

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत